नेपाल
राष्ट्रिय साप्ताहिक



ISSUE 329
नेपाल
आँखीझ्याल
सूचनाप्रविधि
ग्यालरी
जीवन र कला
सुदूर विचार
पाठकको पत्र
नोटबुक
संस्मरण
कथा
कविता
टिप्पणी
अर्थ
विशेष
सम्झना
खेलकुद
चरतिचर्चा
पुस्तक
इन्द्रेणी
परिभ्रमण
अभिमत
गणराज्य-संवाद
विचार
सम्बन्ध
दृष्टिकोण
संसद्
राजनीति
नियुक्ति

# सूचनाप्रविधि

## ई-लाइब्रेरी

### लेखपढको नौलो तरिका

नरेन्द्र रौले




सरस्वती मावि भक्तपुरमा अध्ययनरत कमलप्रसाद शर्मा, १२, लाई दुई वर्षअघि पहिलोपटक कम्प्युटर छुँदा पड्किन्छ कि भन्ने डर लागेको थियो। अहिले तिनै कमल 'ई-लाइब्रेरी'को नयाँ अवधारणामा अध्ययन गररिहेका छन्। उनका लागि कम्प्युटर ज्ञान र मनोरञ्जनको अपरहिार्य माध्यम बनेको छ।

सरस्वती माविमा आधा दर्जन कम्प्युटर उपलब्ध गराएर कमललगायतका विद्यार्थीलाई ई-लाइब्रेरीमा अभिप्रेरति गर्ने संस्था हेल्प नेपालले करबि नौ वर्षअगाडि डोल्पा, दुनैको सरस्वती उच्च माविमा किताब वितरण गरेर परम्परागत लाइब्रेरी स्थापना गरेको थियो। त्यसपछि गोरखा र दाङमा काम गर्दा आएको ई-लाइब्रेरीको सोच अहिले दाङ, लमजुङ, उदयपुर, सिन्धुपाल्चोक, भक्तपुर, काभ्रे, म्याग्दी र मोरङ जिल्लामा कार्यान्वयन भइसकेको छ। विदेशमा बस्ने नेपालीहरूले देशप्रतिको उत्तरदायित्व बोध गरी खोलेको यो संस्थाका अध्यक्ष अरूणसिंह बस्नेत परम्परागत पुस्तकालयमा छ लाख रुपियाँ खर्च गर्दा पनि सबैले पढ्न नपाउने बताउँछन्। भन्छन्, "तर, दुई-अढाई लाखमा तयार हुने ई-लाइब्रेरीमा श्रव्य, दृश्य र इन्टरनेटका माध्यमबाट विद्यार्थीले पढाइ सुविधा लिइरहेका छन्।"

तल्लो कक्षाका विद्यार्थीहरूलाई खेलका माध्यमबाट र माथिल्लो तहका विद्यार्थीलाई प्रयोगात्मक हिसाबले पढाइमा आकर्षित गरएिको छ। लिनक्स बेसमा आधारति ई-लाइब्रेरी अरूभन्दा कम खर्चिलो र प्रभावकारी छ। छोटकरीमा एलटीएसपी भनिने लिनक्स टर्मिनल सर्भर प्रोजेक्टको प्रोग्राम विन्डोजमा प्रणालीबाट नभई पि|m-ओपन सफ्टवेयर प्रणालीद्वारा सञ्चालित छ। यसमा सबै कम्प्युटरमा प्रोग्राम राख्नुपर्दैन। ई-लाइब्रेरीका प्राविधिक संयोजक जितेन्द्र हरलाल माइक्रोसफ्ट वर्ड प्रोग्रामका लागि छ सय डलर र विन्डोज प्रोग्राम राख्न १ सय ९९ डलर खर्च लाग्ने बताउँछन्।

अहिले दाङको आदर्श उच्च माविका कक्षा ९ देखि १२ सम्मका विद्यार्थीले अतिरत्तिm विषयका रूपमा कम्प्युटर पढिरहेका छन्। स्कुलको समय सकिएपछि समुदायका मानिसहरू कम्प्युटर सिक्न आउने गरेका छन्। छिमेकी स्कुलहरूले पनि ई-लाइब्रेरीको माग गर्न थालेका छन्।

यता भक्तपुरको सुडाल-६, थाकलमाठस्िथत सरस्वती माविमा पनि स्कुल समयपछि किसान र गृहिणीहरूले कम्प्युटर सिक्न थालेका छन्। सिन्धुपाल्चोक थुम्पाखर-८, टिमुरेको कोल्दौडदेवी माविका विद्यार्थीहरूले त पढाइसँगसँगै पाक्षिक 'ई-पत्रिका' नै निकाल्न थालेको बताउँछन्, प्रधानाध्यापक सानुकाजी थापा।

महावीर पुनको संस्था वायरलेस नेटवर्कको सहयोगमा म्याग्दीका नेगी र टिकोट गाउँमा पनि ई-लाइब्रेरी सञ्चालनमा आइसकेको छ। आफ्नो इमेल आईडी खोलेका त्यहाँका प्रायः सबै बूढापाका परदेशमा रहेका आफन्तहरूसँग च्याट र इमेल गर्न सक्ने भएका छन्।

हेल्प नेपालको 'एक जिल्ला एक ई-लाइब्रेरी नारालाई देशव्यापी बनाउन पुल्चोक इन्जिनियरङि क्याम्पस चौथो सेमेस्टरका विद्यार्थीहरूले स्वेच्छिक सहयोग गररिहेका छन्। विद्युत् र फोन पुगेका ठाउँका स्कुलमा लाइब्रेरी स्थापना गर्दा शिक्षकहरूलाई आवश्यक पर्ने तालिम र कम्प्युटर जडान यिनै विद्यार्थीहरूले गररिहेका छन्। आवश्यकता अनुसार कम्प्युटर र अन्य प्राविधिक सहयोग गर्ने हेल्प नेपाल 'एक जिल्ला एक ई-लाइब्रेरी' भन्ने नारालाई 'एक गाउँ एक ई-लाइब्रेरी'मा परण्िात गर्ने सुरमा छ।

सुलभ र लोकप्रिय बन्दै गएको लिनक्स प्रणालीको ई-लाइब्रेरीमा डाक्टर नभएमा र हाउजस्टफ पनि थपिएको छ। डाक्टर नभएमा एउटा किताब हो। बिरामी पर्दा डाक्टर नभए यस किताबको सहयोग लिन सकिन्छ। त्यस्तै हाउजस्टफले कुन चीजले कसरी काम गर्छ भनेर रोचक जानकारी दिन्छ।

हाल अस्ट्रेलियामा रहेका डाक्टर राजु अधिकारीको ई-लाइब्रेरीको अवधारणालाई पूर्णता दिन रमानाथ श्रेष्ठ र रोशेन्द्रध्वज खड्काले निकै

**Kiva Microfinance**